# प्रदेश सरकार, लुम्बिनी प्रदेश, मन्त्रिपरिषद्को निर्णय

**२०७८ साल भाद्र १ गते मंगलवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश सभामा विचाराधीन रहेको प्रदेश संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक फिर्ता लिन माननीय आर्थिक मामिला तथा योजना मन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश सभामा विचाराधिन रहेको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेश सभाबाट फिर्ता लिन माननीय आर्थिक मामिला तथा योजना मन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।